उद्योग, व्यापार, कृषि, शिक्षा,स्वास्थ्य र रोजगारमा अभिबृद्धि -बिर्तामोड नगरको विकास र सुशासन सहितको सम्बृद्धि

आदरणीय नगरसभाका सदस्यज्यूहरु,

दोस्रो नगर सभाको नवौ अधिवेशनको आज मिति २०८३।०३।१० गतेको पहिलो बैठकमा आ.व. ०८३।०८४ का लागि नगरको नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु । सर्वप्रथम आजको यो गरिमामय बैठकमा लोकतन्त्र तथा संघीय गणतन्त्र नेपाल स्थापनार्थ र अन्य आन्दोलनहरुमा आफ्नो जीवन आहुती दिनुहुने महान् ज्ञात अज्ञात शहीदहरुको स्मरण गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । तथा बिभिन्न आन्दोलनमा घाइते अपाङ्ग भएकाहरुको स्वास्थ्य लाभको कामना गर्दछु ।

आ.व. ०८२।०८३ का लागि स्वीकृत भएको नीति, बजेट तथा कार्यक्रमहरु सिमित स्रोत साधनको वावजुत प्रभावकारी रुपमा कार्यान्वयन भईरहेको छ । उक्त नीति कार्यक्रम कार्यान्वयन गर्दा मुख्यत प्रक्षेपण गरे अनुसारको आन्तरिक आम्दानी प्राप्त गर्न नसक्नु,, संघीय सरकारबाट प्राप्त हुने समानीकरण अनुदान कटौती हुनु, इन्धन लगायत निर्माण सामाग्रीको मूल्यमा भएको अप्रत्याशित वृद्धिबाट पूर्वाधार निमार्णको ठेक्का पाएका केही निर्माण व्यवसायीबाट समयमा काम सम्पन्न गर्न नसक्नु, ,लागत सहभागितामा सञ्चालन गरिने कतिपय योजनाहरुमा उपभोक्ताहरुको लागत जुटाउन कठिनाई हुनु तथा गत भाद्र महिनामा भएको जेन्जि आन्दोलन र तत् पश्चात भएको निर्वाचनका कारणले विकास निर्माणको कार्यहरु आर्थिक वर्षको उत्तरार्धमा कार्यान्वयन हुने अवस्था आउनु जस्ता चुनौतीहरु आएका छन । यद्यपी चालू आ.ब.का अधिकाशं नीति, कार्यक्रम र बजेटको कार्यान्वयनबाट नगरबासीहरुको समस्या र आवश्यकता परिपूर्ति हुँदै गएको छ । ती चुनौतीका वावजुत मूख्यत शिक्षा ,स्वास्थ्य, कृषि तथा पशु विकास र भौतिक पूर्वाधारको क्षेत्रमा उल्लेखनिय परिवर्तन देखिएको छ । यसरी नगरको समग्र विकास र समृद्धिका लागि हामी सबै जनप्रतिनीधिहरु र राष्ट्रसेवक कर्मचारीहरु सँगसगै कार्यक्षेत्रमा अहोरात्र खटिरहेकै छौं । बिर्तामोड नगरपालिकामा शुसासनको अधिकतम प्रत्याभूति हुनेगरी र भ्रष्टाचारमा शून्य सहनशील हुनेगरी जिम्मेवारी बोधका साथ अगाडी बढिरहेका छौं । विगत आ.ब. हरुमा अवलम्बन गरिएका महत्वपूर्ण नीतिहरुलाई निरन्तरता दिदै पहिलो ५ वर्षे नगर आवधिक योजनाले लिएको उद्देश्य र लक्ष्य, सहस्राब्दी विकास लक्ष्य, राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमहरुकै आधारमा आगामी आ.ब ०८३।०८४ का लागि निम्न नीति तथा कार्यक्रम तय गरी प्रस्तुत गरेको छु ।

नगर सभाका सदस्यज्यूहरु, अब, म विषयगत क्षेत्रका नीति तथा कार्यक्रमहरु देहाय अनुसार प्रस्तुत गर्दछु ।

शिक्षा विकास कार्यक्रम सम्बन्धी नीति

"सबै बालबालिकालाई विद्यालयमा ल्याऔँ, टिकाऔँ र सिकाऔँ"

१. नगरभित्र सञ्चालित सबै विद्यालयहरूको भौतिक पूर्वाधार, शैक्षिक गुणस्तर र सिकाइ वातावरणमा सुधार गर्दै विद्यालयलाई विद्यार्थीमैत्री, अपाङ्गमैत्री, तथा सुरक्षित बनाइनेछ। साथै बालमैत्री कक्षाकोठा/फर्निचर, कम्पाउण्ड वाल, स्वच्छ खानेपानी, सफा शौचालय, खेलमैदान, प्रयोगशाला, पुस्तकालय र कम्प्युटरकक्षको कक्षाकोठाको विकासमा जोड दिइनेछ।

२. संस्थागत विद्यालयहरूको स्तरीकरण गरी कार्यान्वयन गरिनेछ तथा सीपमा आधारित गुणस्तरीय शिक्षा र छात्रवृत्ति व्यवस्थाको सुनिश्चितताका लागि उपलब्धि अडिट कार्यक्रम सञ्चालन गरिनेछ।

३. विद्यालयहरूमा प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन, सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ विस्तार तथा लागत साझेदारीमा ल्यापटप कार्यक्रम सञ्चालन गरिनेछ। साथै कृत्रिम बुद्धिमत्ता (AI) सम्बन्धी सिकाइ व्यवस्थापनलाई परीक्षणका रूपमा कार्यान्वयन गरिनेछ।

४. विद्यालयहरूको शैक्षिक स्तर सुधारका लागि सूचकमा आधारित अनुगमन, मेन्टरिङ तथा कार्यसम्पादन मूल्याङ्कन प्रणाली कार्यान्वयन गरिनेछ। सामुदायिक विद्यालयमा शिक्षक, प्रधानाध्यापक र सम्बन्धित शाखाबीच कार्यसम्पादन करार सम्झौता गरी सिकाइ उपलब्धि अभिवृद्धि गरिनेछ।

५. शैक्षिक सत्र २०८३ लाई "सिकाइ उपलब्धि सुधार वर्ष" का रूपमा निरन्तरता दिँदै विषयगत समिति तथा सञ्जाल परिचालन, शिक्षक तथा कर्मचारीको क्षमता विकास, कक्षा ३ र ५ को शैक्षिक गुणस्तर परीक्षण, विद्यार्थी नियमितता, अभिभावक सचेतना र कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीहरूको सिकाइ सुधार कार्यक्रम सञ्चालन गरी शून्य NG को अवस्था सिर्जना गर्न कार्यक्रम संचालन गरिनेछ।

६. शिक्षालाई सीप, श्रम, रोजगारी, उत्पादन र बजारसँग जोड्न संघीय सरकारको सहकार्यमा "पढ्दै कमाउँदै" कार्यक्रम सञ्चालन गरिनेछ। साथै सामुदायिक विद्यालयका विद्यार्थीहरूका लागि वायरिङ, प्लम्बिङलगायत रोजगारमूलक सीपसम्बन्धी प्रयोगात्मक कक्षा सञ्चालन गरिनेछ । र संस्थागत विद्यालयलाई समेत यस्ता कार्यक्रम सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

७. सामुदायिक विद्यालयका बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई विद्यालय पोशाक वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई समयसापेक्ष बनाउँदै आचरण सचेतना शिक्षासम्बन्धी पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जन, अद्यावधिक र कार्यान्वयन गरिनेछ।

९. कक्षा ९ सञ्चालन भएका सबै सामुदायिक विद्यालयका करिब १,००० विद्यार्थीका लागि वृत्ति मार्गनिर्देशन कार्यक्रम सञ्चालन गरिनेछ।

१०. नगरपालिकाबाट सङ्कलित तथ्याङ्कका आधारमा विद्यालय बाहिर रहेका ५-१४ वर्षका विद्यार्थीहरुलाई विद्यालयमा भर्ना तथा १५ देखि ६० वर्ष उमेर समूहका निरक्षर व्यक्तिका लागि साक्षरता तथा आजीवन सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ।

११. विद्यालयमा विपद् व्यवस्थापन, सरसफाइ, फूलबारी तथा बगैंचा निर्माणजस्ता कार्यक्रम सञ्चालन गर्न बालक्लब, जुनियर रेडक्रस, स्काउट लगायतका विद्यार्थी संस्थाहरूको क्षमता विकास तथा परिचालनलाई निरन्तरता दिइनेछ।

१२. सामुदायिक विद्यालयहरूले विद्यार्थी भर्ना गर्दा नगरपालिकाले निर्धारण गरेको सेवाक्षेत्रभित्रका सबै बालबालिकाको अनिवार्य भर्ना सुनिश्चित गर्दै "सबै बालबालिकालाई विद्यालयमा ल्याऔं, टिकाऔं र सिकाऔं" अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१३. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरूका लागि निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ, जसबाट छात्राहरूको भर्ना, टिकाउ दर र सिकाइ उपलब्धिमा सुधार आउने अपेक्षा गरिएको छ।

१४. सबै विद्यालयहरुमा सर्वाङ्गीण विकासका लागि सबै सामुदायिक तथा संस्थागत विद्यालयमा प्रत्येक शुक्रबार पढाइसहित खेलकुद तथा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने "सुनौलो शुक्रबार" कार्यक्रम अभियानका रूपमा लागू गरिनेछ। साथै असल अभ्यास आदानप्रदानका लागि वार्षिक शैक्षिक अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ।

१५. उत्कृष्ट शिक्षक, कर्मचारी तथा विद्यार्थीहरुलाई सम्मान तथा समय सापेक्ष क्षमता विकासका तालिमहरुलाई निरन्तरता दिदै लगिनेछ ।

१६. सामुदायिक विद्यालयमा सुत्केरी बिदाका कारण प्रभावित शिक्षण सिकाइको परिपूरणका लागि बढीमा १०० दिनसम्म स्वयंसेवक शिक्षक परिचालन गरिनेछ। साथै नाफारहित सामुदायिक क्याम्पस तथा शैक्षिक कार्यक्रम सञ्चालन गर्ने प्रतिष्ठानहरूको स्तरोन्नति, प्रविधि विकास र शैक्षिक गुणस्तर सुधारका लागि सहयोग गर्ने नीति अवलम्बन गरिनेछ।

राजश्व परिचालन सम्बन्धी नीति

१७. नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने व्यवसाय कर, तथा गैर कर राजश्वका दरमा सामान्य थप तथा संशोधन बाहेक सविक बमोजिम हुने व्यवस्था मिलाइएको छ । घर वहालको १० प्रतिशत करलाई घटाई ५ प्रतिशत कायम गरिनेछ । जसबाट घर वहाल करमा नसमेटिएका घरधनीलाई करको दायरामा आउन प्रोत्साहित हुनेगरि गरिनेछ ।

१८. घर बहालकरलाई यथार्थपरक र वास्तविक बनाउन सफ्टवेयर प्रमाणी मार्फत तथ्याङ्क संकलन गरी घरधनी र बहालवाला बीच भएको सम्झौता बमोजिम भाडादर कायम गरी कर संकलन गर्ने व्यवस्था मिलाइनेछ ।

१९. आवासिय प्रयोजनको लागि लागेका घर कोठाहरुको बहाल कर संकलन गर्न सम्बन्धित टोल विकास संस्थासँग सहकार्य गर्न कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२०. कर सचेतना कार्यक्रम, करदाता शिक्षा, व्यवसाय दर्ता तथा नविकरण घुम्तीसेवालाई अझ प्रभावकारी बनाई कार्यान्वयन गर्दै लगिनेछ। करदाताको तथ्याङ्क संकलन एकीकृत अभिलेख व्यवस्थापन गरी प्रविधिमा आधारित कर अभिलेखाङ्कन तथा भुक्तानी प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

२१. राजश्व सुधार योजना मार्फत बिर्तामोड नगर भित्रका सम्पूर्ण व्यवसायहरुको दर्ता, नवीकरण गर्न घरदैलो कार्यक्रम संचालन गरिनेछ ।

२२. राजश्व सुधार कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । साथै राजश्व परामर्श समितिबाट प्राप्त सुझावलाई क्रमश कार्यान्वयन गर्दै राजश्वका क्षेत्रहरुको विस्तार गर्दै लगिनेछ ।

२३. करदाता प्रोत्साहित गर्न नियमित कर तिर्ने करदाताहरुलाई छुट सुविधा दिने व्यवस्थालाई निरन्तरता दिइनेछ। समयमा नतिर्ने तथा दर्ता हुन नआउने करदातालाई दण्ड तथा जरिवानाको व्यवस्था गरी कडाइका साथ कार्यान्वयन गरिनेछ ।

२४. लघु उद्योग तथा वातावरणीय प्रभाव कम हुने घरेलु उद्योग बाहेकका उद्योगहरुलाई औद्योगिक क्षेत्रमा मात्र दर्ता हुने व्यवस्था कार्यान्वयन गर्दै लगिनेछ ।

२५. नगरपालिकामा व्यवसाय दर्ता भएका व्यवसायीलाई मात्रै उद्योग वाणिज्य संघको सदस्य हुने व्यवस्था मिलाउन उद्योग वाणिज्य संघसँग समन्वय गरिनेछ ।

२६. नगरपालिका क्षेत्रभित्र रहेको सम्पूर्ण नेटवर्क कम्पनी/फर्म संस्थाहरुले नगरपालिकामा अनिवार्य व्यवसाय दर्ता तथा सूचिकरण गरेर मात्र सेवा विस्तार गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिनेछ ।

२७. सबै स्वास्थ्य संस्थाबाट नियमित आधारभूत स्वास्थ्य सेवा प्रवाहलाई निरन्तरता दिदै नगर अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि, उपकरण र स्वास्थ्य सामग्रीको उपलब्धता सुनिश्चित गरिनेछ।

२८. नगर अस्पताललाई नगरको प्रमुख स्वास्थ्य सेवा केन्द्रका रूपमा विकास गर्दै विशेषज्ञ सेवा, चौबीसै घण्टा इमरजेन्सी सेवा, प्रसूति सेवा, प्रयोगशाला तथा निदान सेवालाई थप व्यवस्थित गरिनेछ। चौबीसै घण्टा बर्थिङ सेवा तथा इमरजेन्सी सेवालाई थप प्रभावकारी बनाइनेछ। यसै आ.व.बाट नगर अस्पतालमा डायलाइसिस सेवा सञ्चालनमा ल्याइनेछ ।

२९. उपमेयरसंग गर्भवती महिला कार्यक्रम अन्तर्गत निःशूल्क क्यालिसियम वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै नगर भित्रका विपन्न गर्भवती महिलालाई प्रयोगशाला परिक्षण, भिडियो एक्स-रे (ANC Package) सेवा निःशूल्क गर्दै लगिने छ ।

३०. गर्भवती महिला, सुत्केरी आमा र नवजात शिशुको स्वास्थ्य सुरक्षाका लागि सुरक्षित मातृत्व सेवालाई उच्च प्राथमिकता दिइनेछ । पूर्व प्रशूती जाँच, संस्थागत प्रसूति, प्रसूति पश्चात् सेवा र जोखिमयुक्त गर्भावस्थाको पहिचानमा विशेष कार्यक्रम सञ्चालन गरिनेछ। सुत्केरी आमा तथा नवजात शिशुको घरदैलो भेटघाट तथा महिला स्वास्थ्य स्वयंसेविकाको सहयोगमा गर्भवती तथा सुत्केरी महिलाको निगरानी प्रणाली सुदृढ गरिनेछ ।

३१. समुदायस्तरबाट स्वास्थ्य प्रवर्द्धनात्मक कार्यक्रमलाई केन्द्रित गर्दै "म स्वस्थ, मेरो समुदाय स्वस्थः घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम" अभियानलाई प्रथमिकताका साथ अगाडि बढाइनेछ।

३२. नगरका सबै लक्षित बालबालिकालाई राष्ट्रिय खोप तालिका अनुसार पूर्ण खोप उपलब्ध गराई पूर्ण खोप सुनिश्चितता र दिगोपना कायम राखिनेछ। खोप सेवा, खोप केन्द्र, अभिलेख र अनुगमन प्रणालीलाई व्यवस्थित गरिनेछ। एचपीभी खोप लगायत किशोरी लक्षित खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

३३. बालबालिका, गर्भवती महिला, सुत्केरी आमा र किशोरकिशोरीको पोषण अवस्थामा सुधार गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम साथै पोषणमैत्री स्थानीय शासनको उद्धेश्य अनुसार स्वास्थ्य संस्थाबाट पोषणमैत्री सेवा प्रवाह गरिनेछ। बालबालिकाको पोषण लेखाजोखा कार्यक्रम व्यापक रूपमा सञ्चालन र नियमित अनुगमन गरिनेछ। गर्भवती तथा सुत्केरी महिलालाई पोषण सम्बन्धी परामर्श

र व्यवहार परिवर्तन शिक्षा प्रदान गरिनेछ। विद्यालय तथा समुदायस्तरमा सन्तुलित आहार, स्तनपान, पूरक आहार र सरसफाइ सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

३४. उच्च रक्तचाप, मधुमेह, मिर्गौला रोग, क्यान्सर लगायतका नसर्ने रोगहरू नगरमा बढ्दो चुनौतीका रूपमा देखिएकाले समुदायस्तरमै रोग पहिचान, परामर्श र रेफरल प्रणाली विस्तार गरिनेछ। सबै वडामा नसर्ने रोगको निःशुल्क स्क्रिनिङ शिविर सञ्चालन गरिनेछ। क्यान्सर, मिर्गौला रोग तथा अन्य दीर्घरोग सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. महिलामा देखिने पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ खस्ने समस्या, प्रजनन् स्वास्थ्य समस्या र परिवार योजना सेवामा पहुँच विस्तार गरिनेछ । सबै वडामा महिलाको पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर र आङ खस्ने समस्याको निःशुल्क स्क्रिनिङ शिविर सञ्चालन गरिनेछ ।

३६. क्षयरोग मुक्त अभियानलाई समुदाय तथा विद्यालयस्तरसम्म विस्तार गरी रोगको शीघ्र पहिचान, उपचार र निगरानीलाई सुदृढ गर्दै यस कार्यक्रमलाई निरन्तरता दिइनेछ । क्षयरोगका बिरामीको उपचारका लागि डट्स केन्द्रलाई थप स्वास्थ्य संस्थामा विस्तार गरिनेछ । समुदायस्तरमा क्षयरोग स्क्रिनिङ तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३७. महामारीजन्य रोग, डेंगु, सरुवा रोग तथा अन्य स्वास्थ्य आपतकालीन अवस्थाको रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि पूर्वतयारी सुदृढ गरिनेछ। सबै स्वास्थ्य संस्थामा महामारी व्यवस्थापनका लागि आवश्यक सामग्रीको व्यवस्था गरिनेछ। महामारी देखिएका स्थानमा आवश्यकता अनुसार स्प्रे, समुदाय सचेतना तथा नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ। डेंगु, झाडापखाला, मौसमी रोग तथा अन्य सरुवा रोगको निगरानी प्रणाली सुदृढ गरिनेछ ।

३८. बिर्तामोड नगरपालिका वडा नं. १ मा रहेको नागरिक आरोग्य केन्द्रमा सञ्चालित थेरापी सेवालाई थप प्रभावकारी बनाईनेछ । स्वास्थ्य सेवा, अभिलेख, प्रतिवेदन, औषधि तथा जिन्सी व्यवस्थापनलाई प्रविधिमैत्री बनाइनेछ ।

३९. स्वास्थ्य सेवा गुणस्तरीय बनाउन स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका र व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरिनेछ। संघ, प्रदेश र स्थानीय तहसँगको सहकार्यमा स्वास्थ्यकर्मीका लागि विभिन्न तालिम सञ्चालन गरिनेछ।

४०. विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुसंगको साझेदारीमा स्वास्थ्यसंग सम्बन्धित विभिन्न कार्यक्रम तथा कृयाकलापहरु सञ्चालनलाई निरन्तरता दिइनेछ ।

कृषि विकास कार्यक्रम सम्बन्धी नीति

("कृषकको समृद्धि व्यावसायिकरण र आधुनिक प्रविधि")

४१. बालीमा लाग्ने रोग, कीरा तथा झारपातको प्रभावकारी व्यवस्थापन गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न सुरक्षित, गुणस्तरीय उत्पादन गर्न एकीकृत बाली संरक्षण (IPM), नियमित निगरानी तथा पूर्वसूचना प्रणाली, रोगमुक्त र प्रमाणित बीउ प्रयोग, जैविक तथा हरित बाली संरक्षण, कृषक प्रशिक्षण तथा क्षमता विकास, विषादीको नियमन र सुरक्षित प्रयोग, कृषि प्राविधिक सेवा सुदृढीकरण गराउने ।

४२. सिंचाई कृषिको पहिलो आधार हो । नगरक्षेत्र भित्रका सम्पूर्ण कृषि योग्य जमिनलाई सिंचित गर्ने निति अनुसार सिंचाई सुविधा नभएका जमिनलाई सिंचित गर्न यस कार्यक्रमलाई अझ विस्तार गरिनेछ । यो कार्यक्रमलाई निरन्तरता दिइने छ । कृषकको माग, स्थानिय सम्भावना र उपयुक्तताका आधारमा फलफूल खेति प्रवर्द्धन गरिनेछ। व्यावसायिक तथा घरेलु फलफूल खेतीको विस्तार , पोषण सुरक्षाको प्रवर्द्धन , वातावरण संरक्षण तथा कृषकहरु आयआर्जन वृद्धि गर्ने उद्देश्यले गुणस्तरीय फलफूल बिरुवाहरु अनुदानमा उपलब्ध गराई फलफूल उत्पादन र आत्मनिर्भरतालाई प्रोत्साहन गरिनेछ ।

४३. कृषिमा यान्त्रिकिकरण आधुनिक कृषिको आधारस्तम्भ भएको हुँदा यस कार्यक्रमलाई निरन्तरता दिइने छ । कृषकहरुलाई मकै रोप्ने र छोडाउने मेसिन, साना कृषि औजारहरु र आधुनिक स्प्रेयर मेसिन उपलब्ध गराइनेछ ।

४४. मेयर विषादिमुक्त नगर कार्यक्रममा आवद्ध कृषकहरुद्वारा उत्पादित विषादि रहित तरकारीको बजार व्यवस्थापन कार्यलाई निरन्तरता दिइने छ । हाल बिर्तामोड नगरपालिका स्थित कृषिथोक बजारमा स्थापना भएको तरकारी संकलन केन्द्रमा संकलन भएका तरकारीहरु बजारक्षेत्र भित्र संचालनमा रहेका अन्य तरकारी बिक्रि केन्द्रहरु मार्फत विक्रि वितरण गरी उपभोक्ताहरुलाई सहज रुपमा उपलब्ध गराइरहेको छ । यो बजार व्यवस्थापन कार्यलाई थप व्यवस्थित गरिने छ ।

४५. कृषकहरुद्वारा उत्पादित १६ प्रकारका तरकारी बालीहरुको मूल्य सुनिश्चित गरी कृषकहरुलाई व्यवसायिक तरकारी उत्पादन तर्फ आकर्षित गर्न संचालन गरिएको न्यूनतम समर्थन मूल्य अनुदान कार्यक्रमलाई थप पारदर्शी र प्रभावकारी बनाउँदै निरन्तरता दिइने छ ।

४६. आलु तथा तेलहन बालीको बृहत र व्यवसायिक उत्पादनका लागि 'एक समुह एक उत्पादन' कार्यक्रम मार्फत व्यवसायिक उत्पादनलाई निरन्तरता दिइनेछ ।

४७. माटो परिक्षण प्रयोगशाला र नगरपालिकाको सहकार्यमा माटो शिविर सञ्चालन साथै विषादी न्यूनिकरण सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रम सम्बन्धी नीति

४८. बिर्तामोड नगरपालिकालाई पशुपँक्षी तथा मत्स्य पालनको क्षेत्रमा बृहत रुपमा विकास गरी पशुपंक्षी तथा मत्स्य पालन व्यवसायलाई सक्षम, मर्यादित, उत्पादनशील र प्रविधिमय बनाई दुध, अण्डा, माछा तथा मासुमा आत्मनिर्भर बनाइँदै लगिनेछ ।

४९. कुकुर र बिरालो बाहेकका पशुपँक्षीहरुको आकस्मिक उपचार सेवा, डिस्पेन्सरी सेवा, बाह्य तथा आन्तरिक परजीवी विरुद्धको औषधी, विभिन्न पशुपंक्षी खोप, पशु बन्ध्याकरण, दुध परीक्षण, गोवर तथा रगत परीक्षण साथै बाझोपन सम्बन्धी उपचार सेवा निशुल्क प्रदान गरिनेछ ।

५०. नश्ल सुधारको कार्यक्रमलाई व्यवस्थित गर्दै गाईहरुमा सेक्सड सिमेनको प्रयोगमा वृद्धि गरिनेछ ।

५१. रेबिज रोग तथा सामुदायिक कुकुरहरुको संख्या नियन्त्रणका लागि सडक सामुदायिक कुकुरहरुको बन्ध्याकरण तथा खोप कार्यक्रम बृहत रुपमा संचालन गरिनेछ ।

५२. महामारी जन्य लम्पी स्कीन, खोरेत, पि.पि.आर, स्वाइन फिवर नियन्त्रणका लागि राष्ट्रिय नीतिलाई अनुसरण गरी नियमित खोप कार्य संचालन गरिनेछ ।

५३. स्वच्छ दुध उत्पादन तथा थुनेलो रोग निवारणका लागि कृषकको गोठ, फार्म तथा दुध संकलन केन्द्रमा गई दुध स्याम्पल लिई थुनेलो रोग परीक्षण गरी चौमासिक रुपमा संक्रमित पशुलाई आवश्यक निशुल्क औषधी बितरण गरिनेछ ।

५४. माछा पोखरीको पानीको गुणस्तर मापन र उपचारको कार्यलाई प्रभावकारी बनाउँदै मत्स्य शिविर एवं मत्स्य प्रवर्धनका कार्यक्रम संचालन गरिनेछ ।

५५. गाई भैसीमा हुने बाझोपन निवारणको लागि बाझोपन भएका पशुहरुको उपचारका लागि यु.एस.जी. मेसिनको साथमा विज्ञ द्वारा बाझोपन निवारण शिविर प्रभावकारी रुपमा संचालन गरिनेछ ।

५६. मेयर पकेट प्याकेज, बाखा तथा बंगुर साटासाट कार्यक्रमलाई अझ प्रभावकारी रुपमा संचालन गरिनेछ ।

५७. दुध उत्पादक किसानहरुलाई प्रोत्साहनका लागि थप बजेट सहित पशु सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५८. साना तथा मझौला किसान प्रोत्साहनका लागि ५० प्रतिशत लागत साझेदारीमा गोठ खोर सुधार, काउ म्याट, चाप कटर वितरण तथा चिलिङ्ग भ्याट स्थापना कार्यक्रम संचालन गरिनेछ ।

५९. किसानहरुको क्षमता अभिबृद्धिका लागि आवश्यक विभिन्न तालिमको व्यवस्था गरिनेछ।

६०. स्थानीय, प्रदेश तथा केन्द्रिय निकायमा रहेका सरकारी, अर्धसरकारी तथा प्राइभेट संस्थाहरुसँग समन्वय गरी पशु विकाससँग सम्बन्धित थप कार्यक्रम संचालन गरिनेछ ।

सहकारी क्षेत्रको विकास सम्बन्धी शाखा

६१. स्थानीय स्तरका सहकारीहरुका सम्पूर्ण विवरणलाई विद्युतीय माध्यम COPOMIS (सहकारी गरिबी निवारण व्यवस्थापन सूचना प्रणाली) मा अध्यावधिक गर्नका लागि संस्थाका व्यवस्थापक तथा कर्मचारीहरुलाई COPOMIS सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।

६२. स्थानीय स्तरमा सञ्चालनमा रहेका सहकारी संस्थाका सदस्यहरुको क्षमता विकासमा सहजीकरणका लागि सहकारी संस्थाहरुको सहभागीतामा विभिन्न शिक्षा मुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

६३. उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि र पशुपालन व्यवसायलाई मर्यादित र व्यवसायिक बनाउन सामुहिक उत्पादन र बजारिकरणका लागि नगर क्षेत्रभित्र रहेका विशेषगरी कृषी सहकारी संस्थाहरुसँग समन्वय गरी कार्य योजना बनाई लागू गरिने छ ।

६४. सहकारी संस्थाहरुको खराब कर्जा असुली तथा बचत कर्ताहरुको बचत फिर्ता सम्बन्धमा सहजीकरण गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा लक्षित क्षेत्रको विकास सम्बन्धी नीति

६५. लैङ्गिक उत्तरदायी बजेटमार्फत महिला र सिमान्तकृत समुदायलाई समावेश गरी लैङ्गिक समानता र सबै जातजातिको समुदायलाई अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूल प्रवाहीकरण गर्दै लैजाने नीति रहने छ ।

६६. लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशीकरण नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य सबै सरोकारवालाहरुसँग नियमित र प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गरिनेछ।

६७. बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन गर्न सबै वडाहरुमा वडास्तरीय बाल क्लब पुर्नगठन र नगरस्तरीय बाल संजाल निर्माण गरी अभियानका रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

६८. प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको ५० प्रतिशत लागत साझेदारीमा अपांङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै करुणा फाउण्डेसन नेपाल र राष्ट्रिय अपाङ्ग महासंघको प्राविधिक सहयोग रहनेछ ।

६९. हरेक नवजात शिशुको जन्मदोष परिक्षण गरी जन्मदोष पहिचान भएका शिशुहरुको स्वास्थ्योपचार, विद्यालयमा रहेका १० वर्ष मुनिका बालबालिकाहरुको स्वास्थ्य परिक्षण र व्यवस्थापन लगायतका रोकथामका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

७०. बिर्तामोड नगरपालिका भित्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पहिचान गरी शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, सशक्तिकरण र सामाजिकीकरणका क्षेत्रमा आवश्यक सहयोग प्रदान गरिनेछ ।

७१. विपन्न वर्गका युवा युवतीहरुलाई सरकारी सेवामा प्रवेश गर्न उत्प्रेरित गराउन लोकसेवा / शिक्षक सेवा तयारी कक्षा सञ्चालन गरिने छ ।

पर्यटन क्षेत्रको विकास सम्बन्धी नीति

७२. पर्यटनलाई स्थानीय जात्रा, संस्कृति र सम्पदासँग जोडेर स्थानीय नगरबासीको सहकार्यमा विकास गरिनेछ ।

७३. केन्द्र र प्रदेश सरकार समेतको सहयोगमा शहीद नेत्र पार्क निर्माण तथा चारपाने रामचोकमा रहेको सामुदायिक वनलाई चिल्ड्रेन पार्क र बोटानिकल गार्डेनको रुपमा विकास गरिनेछ। विराटपोखरीको पौराणिक तथा धार्मिक महत्वलाई उजागर गर्दै उत्कृष्ट पर्यटकीय क्षेत्रको रुपमा प्रचारप्रसार गरिनेछ । अन्य सार्वजनिक महत्वका पोखरीहरुको पहिचान गरि संरक्षण र सम्वर्द्धन गरिनेछ ।

७४. बिर्तामोड—६ मा रहेको हरियाली सामुदायिक वनलाई सामुदायिक पार्कको रुपमा विकास गरी व्यापक प्रचारप्रसार गरी आन्तरिक तथा बाह्य पर्यटकहरु भित्र्याइनेछ ।

७५. बिर्तामोड—२ मा अवस्थित साङ्गवेद संस्कृत विद्यालय तथा विवेकाश्रमलाई धार्मिक, पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ । धिमालगढ (बिर्तामोड—७), बालाजी मन्दिर, विराट भरत विश्रान्ती, गरामनी शक्ति पीठ, कृष्ण प्रणामी मन्दिर (बिर्तामोड २), हरिहर आश्रम (बिर्तामोड ६), बुद्धचक्र गुम्बा (बिर्तामोड १०), धिमाल बस्ती (बिर्तामोड १), लिम्बु जातीको किराँतेश्वर माङहिम (बिर्तामोड १०) सुनार जातीको च्यादरथान (बिर्तामोड १०) साकेला थान, चोलुङ पार्क, मस्जिद, चर्च,

ग्रामथानहरुको धार्मिक पर्यटकीय स्थल, सदु पोखरी, मधु पोखरी, तेलगानी पोखरी लगायत सार्वजनिक पोखरी, धार्मिक, ऐतिहासिक पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्द्धनमा तीनै तहका सरकार र निजी क्षेत्रको सहभागिता वृद्धि गरिनेछ ।

७६. बिर्तामोड ५ मा रहेको बुधबारे हटियाको खाली जमिनमा ड्रिम देबी पार्क बिर्तामोड निर्माण गरि सञ्चालनमा ल्याइनेछ ।

वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति

७७. बिर्तामोड, कनकाई र अर्जुनधारा नगरपालिकाको शेयर र निजी क्षेत्र समेतको लगानीमा कन्काई बिर्ता अर्जुन नवीकरणीय उर्जा कम्पनीलाई पूर्ण रुपमा सञ्चालनमा ल्याई फोहोरमैलाको व्यवस्थापन गरिनेछ ।

७८. टोल विकास संस्था र कनकाई बिर्ता अजुर्न नवीकरणीय उर्जा तथा फोहोरमैला व्यवस्थापन कम्पनीको सहकार्यमा फोहोरमैलाको वर्गीकरण र कुहिने, प्लाष्टीकजन्य र सिसाजन्य फोहोर छुट्ट्याएर व्यवस्थापन गर्ने अभियान संचालन गरिनेछ तथा सबैलाई अनिवार्य सरसफाई कार्ड लिई उल्लेखित संस्थालाई फोहोर संकलन तथा उपलब्ध गराउने कार्यलाई प्रभावकारी बनाइनेछ । शहरी क्षेत्रमा सरसफाई कार्डलाई नगरपालिकाबाट प्रवाह हुने सेवा, सुविधासँग आवद्ध गराइनेछ ।

७९. प्राकृतिक प्रकोप नियन्त्रण, उद्धार र व्यवस्थापन तथा राहत वितरणलाई प्रभावकारी बनाइनेछ। विपद्को लागि आवश्यक पर्ने उद्धार सामाग्रीहरु खरिद गरी स्थानीय प्रहरी प्रशासनसँगको समन्वयमा विपद् व्यवस्थापन गरिनेछ ।

८०. नगर क्षेत्र भित्रका खोला, पैनी, सार्वजनिक तथा सरकारी जमिन साँध सिमाना नक्सांकन गर्ने र नगर क्षेत्रको ऐलानी पर्ति जमिनको नापजाँच गरी क्षेत्रफल एकिन गरी भूमीहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन पहल गरिनेछ ।

८१. बिर्तामोड नगरलाई प्रदुषणमुक्त, पूर्ण सरसफाइयुक्त हरित नगरका रुपमा स्थापित गरिनेछ साथै सार्वजनिक खाली ठाउँमा वृक्षारोपण गर्ने कार्य गरिनेछ । हरेक घरधनीलाई आफ्नो घर अगाडि बिरुवाहरु रोप्न प्रोत्साहित गरिनेछ ।

८२. बिर्तामोड नगरभित्र रहेका सडकको किनारा र डिभाइडरमा बिरुवा रोपी हरियाली बनाइनेछ।

८३. अदुवा खोला, देवनिया खोला, हर्चना खोला, घाग्रा खोला, रेखा खोला, भुतेनी खोलाहरुको तटवन्धन निर्माणको लागि संघ र प्रदेश सरकारसँग आवश्यक सहकार्य गरिनेछ ।

धनिराजी भट्टराई प्रसाई
नगर प्रमुख

उद्योग, व्यापार, श्रम तथा रोजगार सम्बन्धी नीति

८४. लघु तथा साना उद्यम व्यवसाय गर्न इच्छुक युवा युवतीहरुलाई छनौट गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमशीलता, सीप विकास र बजार प्रवर्द्धन गरिनेछ । साथै वितावजारको कृषि सामुदायिक भवनमा उपयुक्त स्थानमा नगर कोसेली घर स्थापना गरी उद्यमीहरुले उत्पादन गरेका सामाग्रीहरुको प्रर्दशनी र बिक्री बढाउने कार्य प्रारम्भ गरिनेछ ।

८५. उद्योग बाणिज्य संघ तथा सरोकारवाला संस्थाहरुसँगको सहकार्यमा सुरक्षित रात्रीकालीन व्यापार व्यवसाय (राती १० बजेसम्म) गर्ने वातावरण निर्माण गरिनेछ ।

८६. होटल व्यवसायलाई व्यवस्थित गर्नका लागि रात्रीकालीन डान्सबारहरु, स्पा तथा मसाज सेन्टरहरुमा नियमित अनुगमन तथा नियमन गरिनेछ ।

८७. विर्तामोडको वडा नं.—२ को गोकुल जोशी मार्ग दक्षिणलाई मात्र औद्योगिक क्षेत्र निर्धारण गरिएको र उक्त औद्योगिक क्षेत्रमा औद्योगिक पूर्वाधार तयार गर्न संघ, प्रदेश र निजी क्षेत्रसँग सहकार्य गरिनेछ । साथै नगर भित्रका अन्य सम्भावित क्षेत्रमा समेत उद्योग स्थापना करना माग आएमा कार्यपालिकाबाट आवश्यक सहजीकरण गरिनेछ ।

८८. नगर भित्र रहेका कल कारखाना, उद्योग लगायतका क्षेत्रमा कार्यरत नेपाली एवम् विदेशी श्रमिकहरुको तथ्यांक संकलन गरी नेपाली श्रमिकहरुलाई नै क्षमतावान बनाई ती क्षेत्रमा कार्य गर्न सक्ने गरी सिप तालिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

८९. चालू आ.व. मा भएको रोजगार मेलाको समिक्षा गरि विर्तामोडमा वृहत रोजगार मेलाको आयोजना गरी थप रोजगारी र उद्यमशिलताको प्रवर्द्धन गरिनेछ ।

९०. बालश्रम न्युनिकरण करना सबै वडास्तरमा एवम् नगरस्तरमा अभियानका रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

९१. हालसम्म करिब १५०० जना श्रमिकहरुको सूचिकरण गरिएको श्रमिक हितकोष मार्फत नगरभित्र रहेका श्रमिकहरुको सूचिकरण एवम् दुर्घटना बिमा कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

९२. नेपाल सरकार मार्फत संचालनमा रहेको जब संसार वेभ पोर्टललाई नगरको रोजगार सेवा केन्द्र मार्फत बेरोजगार एवम् रोजगारदातालाई जोड्ने प्रकृयालाई विस्तार गरिनेछ ।

९३. वडा, नगर एवम् विभिन्न निकायहरु मार्फत यस नगरभित्र संचालनमा आएका तालिमहरुमा रोजगार सेवा केन्द्र मार्फत सहजीकरण गरिनेछ ।

९४. ब्युटिसियन, प्लम्बिङ, इलेक्ट्रिसियन, सिलाई कटाई, साईपाटा, अचार, धुप निर्माण, झोला बनाउने, साबुन, सरफ, फिनेल, हर्पिक उत्पादन, बारिष्ठा, ड्राइभिङ, लोकसेवा आयोग तयारी कक्षा जस्ता सीपमूलक, आयमूलक र रोजगारमूलक तालिमहरु संचालन गरिँदै आएकोमा उक्त तालिमहरुलाई व्यवस्थित गर्दै तालिम प्राप्त जनशक्तिलाई उद्यमी तथा स्वरोजगार बनाइनेछ ।

यातायात तथा पूर्वाधार निर्माण सम्बन्धी नीति

९५. वडा कार्यालयसम्म पुग्ने सबै सडकहरु तथा अन्य P-1 मा परेका महत्वपूर्ण सडकहरुमा कालोपत्रे वा पेवर्स गर्ने कार्यलाई संघ र प्रदेश सरकार समेतको सहकार्यमा कार्यान्वयन गरिनेछ ।

९६. उज्यालो नगरको अवधारणालाई पूर्णतया कार्यान्वयन गरिनेछ र विद्युत जडान गर्नका बाँकी रहेका घर परिवारमा विद्युत जडान गरिनेछ र ट्रान्सफर्मर थप गरी भोल्टेजको क्षमतामा सुधार गर्न विद्युत प्राधिकरणसँग समन्वय गरिनेछ ।

९७. टोल विकास संस्थाको लागत साझेदारीमा सडक बत्ती जडान गरिनेछ। साथै आपराधिक गतिविधि नियन्त्रण गर्न संवेदनशील क्षेत्रमा सिसी क्यामेरा (CC Camera) जडान गरिनेछ ।

९८. अति विपन्न, दलित, लोपोन्मूख, सीमान्तकृतका लागि घर निर्माण गर्न विपन्न आवास कार्यक्रमलाई विशेष अनुदानको बजेट समेत परिचालन गरी विस्तार गरिनेछ ।

९९. एक घर एक धारा अभियानलाई विस्तार गरी नगरवासीलाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराइनेछ ।

१००. ठेक्का प्रक्रियाबाट निर्माण भइरहेका बहुवर्षीय योजनालाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी बजेट व्यवस्थापन गरिनेछ । साथै नगर गौरवका योजनाहरु छनौट गरी प्राथमिकताका आधारमा संघ तथा प्रदेशसँगको साझेदारीमा कार्यान्वयन गर्न जोड दिइनेछ ।

१०१. मापदण्ड विपरित र नक्सा पास नगराई बनाइएका संरचनाहरु नगरको सडक तथा ढल बनाउँदा क्षति हुन गएमा घरधनीले नै व्यहोर्नु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०२. शहरी वडाहरु १, ३, ४, ५ र वडा नं २ र ६ को व्यावसायिक जग्गा वर्गीकरण भएको क्षेत्र महेन्द्र राजमार्ग र भद्रपुर बिर्तामोड सडकमा जोडिएका क्षेत्रमा नाला निर्माणमा लागत अनुमानको ४०% (तर विद्यालय, सरकारी तथा सार्वजनिक संस्थाका संरचना निर्माण र समितिको सहभागिता अनिवार्य गरिएको छैन ।) र प्लम, पेवर्स, सडक कालोपत्रे निर्माण, भवन तथा अन्य संरचनाको लागि उपभोक्ताहरुको २०% नगद लागत सहभागिता अनिवार्य गरिनेछ । अन्य बाँकी वडाहरुमा पेवर्स, सडक, कल्भर्ट, भवन, तटबन्धन तथा अन्य संरचनाहरुमा उपभोक्ताहरुको २०% श्रम सहभागिता रहने गरी उपभोक्ता समितिहरु परिचालन गरिनेछ। साथै वडा भित्रका सडकहरुलाई ग्राभेलिङ

गरी सडक स्तरोन्नती गर्ने कार्यमा र सार्वजनिक सम्पत्ति तथा फोहोरमैला व्यवस्थापनका लागि गरिने तटबन्धनमा उपभोक्ता समितिको न्यूनतम ५ प्रतिशत श्रम सहभागिता अनिवार्य हुनुपर्नेछ। सडकबत्ती जडान र सिसि क्यामेरा जडानमा उपभोक्ता समितिको न्यूनतम २० प्रतिशत नगद सहभागिता रहनेछ। दुर्गम, विपन्न तथा सुकुम्बासी बस्तीहरुमा निर्माण हुने योजनाहरूमा स्थलगत अवस्थाको अध्ययन गरी कार्यपालिकाले उपभोक्ता समितिको सहभागिताको प्रतिशत थपघट गर्न सक्नेछ ।

युवा, खेलकूद तथा कला साहित्य सम्बन्धी नीति

१०३. नगर भित्रका खेल मैदानलाई व्यवस्थित बनाई क्रिकेट, फुटबल, भलिबल तथा अन्य खेलको प्रबद्धन गरिनेछ। मुख्य मुख्य खेलको नगर टीम निर्माण गर्न प्रोत्साहित गरिनेछ । नगरमा वार्षिक रुपमा खेलकूदका प्रतियोगिता संचालन गरिनेछ ।

१०४. विद्यालयहरुमा विद्यार्थीहरुलाई विविध खेलकुदका विधाहरुमा आवद्ध गराउन सहजीकरण गराइनेछ साथै राष्ट्रपति रनीङ सिल्ड प्रतियोगितालाई थप व्यवस्थित रुपमा संचालन गरिनेछ ।

१०५. डोमालाल राजवंशी स्मृति रंगशालाको स्तरोन्नतिका लागि डिपिआर (DPR) तयार भइसकेकोले डिपिआर अनुसारको निर्माण कार्य गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक बजेट माग गरी निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१०६. राष्ट्रियस्तरको डिभिजन टिममा छनौट भई खेल्ने अवसर प्राप्त फुटबल, क्रिकेट, भलिबल तथा अन्य खेलका टिमलाई प्रोत्साहित गरिनेछ ।

१०७. वडा नं ३ मा रहेको मेहरमान प्रतिष्ठानको जग्गामा इन्डोर (Indoor) खेल संचालन गर्न आवश्यक संरचना निर्माण गर्न संघ र प्रदेशसँग पहल गरिनेछ ।

१०८. कला, साहित्य, संगीत, चलचित्र, भाषा र संस्कृतिको संरक्षण, सम्बर्द्धन गरी साँस्कृतिक पर्यटन समेतको कार्यविधि बनाई कार्यान्वयन गरिनेछ ।

सुशासन तथा विज्ञान, प्रविधि, सूचना र संचार सम्बन्धी नीति

१०९. नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरुलाई सरल, सहज, पारदर्शी र प्रभावकारी बनाउनको निम्ती सफ्टवेयरहरुलाई पूर्ण रुपमा प्रयोगमा ल्याइनेछ साथै नगरपालिकाबाट प्रदान गरिने अधिकतम सेवा सुविधाहरूलाई अनलाइन प्रणालीबाट प्रदान गरिनेछ ।

११०. सबै वडा कार्यालय, नगरपालिकाको कार्यालयमा इन्ट्रानेट र नेटवर्किङ सेवा विस्तारलाई निरन्तरता दिइनेछ । उक्त सेवालाई क्रमश स्वास्थ्य संस्था तथा सामुदायिक विद्यालयमा पनि विस्तार गर्दै लगिनेछ ।

१११. नगर क्षेत्र भित्र रहेका संचार संस्था र संचारकर्मीलाई स्थानीय सरकारले गरेको कामको बारेमा गरेको समाचार, गतिविधि, रिपोर्ट, अन्तरवार्ता आदि प्रकाशन र प्रसारण गर्न प्रोत्साहित गरिनेछ ।

११२. बिर्तामोड नगरपालिका भित्र प्रधान कार्यालय रही संचालन हुँदै आएका सूचीकृत संचार माध्यमहरुलाई वर्गीकरण गर्दै हाल प्रदान गरिँदै आएको लोक कल्याणकारी विज्ञापन समुचित ढंगले वितरण गरिनेछ ।

११३. सेवा प्रवाहलाई चुस्त दुरुस्त र समय भित्र उपलब्ध गराउन स्वचालित प्रणाली जडान गरी सुशासन अभिवृद्धि गरिनेछ ।

११४. चौमासिक रुपमा सार्वजनिक सुनवाई, सेवाग्राही सन्तुष्टी मापन गरी सुशासन प्रवर्द्धन गरिनेछ ।

११५. आफ्नै वडा कार्यालय भवन नभएका वडाहरुको आफ्नै कार्यालय भवन निर्माण गर्न जग्गा व्यवस्थापन भइसकेका वडाहरुमा प्राथमिकताका आधारमा भवन निर्माण गर्दै लगिनेछ। साथै वडा कार्यालयहरु, स्वास्थ्य संस्थाहरुको घेराबारा गरी थप व्यवस्थित गरिनेछ ।

न्यायिक समितिको नीति

११६. नेपालको संविधान २०७२ को धारा २१७ को संवैधानिक व्यवस्था र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४६ देखि दफा ५३ सम्म दिएको अधिकार क्षेत्र भित्र रही स्वतन्त्र, निश्पक्ष, पहुँचयोग्य, पारदर्शी, सक्षम र विश्वसनीय न्याय सम्पादन गर्नका लागि न्यायिक समितिमा पर्न आउने सबै विवादहरुको कानून सम्मत र सहज न्यायिक निरुपण गरी सबै नगरबासीलाई न्यायको अनुभूती दिलाइनेछ ।

११७. वडाको मेलमिलाप केन्द्रदेखि नै विवाद रहित समाज निर्माणका लागि मेलमिलाप केन्द्रका पदाधिकारीलाई पर्याप्त तालिम दिई वडामा पर्ने विवादहरु मेलमिलाप गराउनका लागि थप क्षमता विकास गरिनेछ ।

११८. न्यायिक समितिसँग सरोकार राख्ने निकाय (अदालत, इलाका प्रहरी, जिल्ला प्रशासन कार्यालय) सँग अन्तर्क्रिया तथा समन्वय गरी कार्य गरीनेछ ।

११९. विभिन्न वडा कार्यालयका मेलमिलाप केन्द्रमा छलफल गर्ने छुट्टै कोठा, बस्ने फर्निचर, मुद्दा व्यवस्थापनका लागि चाहिने आवश्यक भौतिक सामग्रीहरु नहुँदा परेको समस्यालाई यथाशीघ्र आवश्यकता अनुसार सम्बोधन गरिनेछ ।

विविध

१२०. जिल्ला प्रशासन कार्यालय तथा प्रहरी प्रशासनको सहकार्यमा लागु पदार्थ बेचबिखन ओसारपसार कार्यलाई नियन्त्रण गर्ने तथा लागु पदार्थ दुर्व्यसनी विरुद्धको सचेतनामूलक कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिनेछ ।

१२१. नगर रिङरोडको डिपिआर (DPR) अनुसार सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

१२२. बिर्तामोड वडा नं ३ मा रहेको बिर्ताबजार कृषि तथा सामुदायिक भवनलाई सञ्चालनमा ल्याइनेछ ।

१२३. बिर्तामोड, गरामनी र चन्द्रगढी खानेपानी उपभोक्ता समितिहरुको सहकार्यमा नगरका सबै वडा तथा टोलहरुमा पाइपलाइन खानेपानी विस्तार कार्यलाई थप प्रभावकारी बनाइनेछ ।

१२४. बिर्तामोड सडक गुरुयोजनाको P-1 मा परेका सडकहरुको कालोपत्रे गर्न संघ, प्रदेश र अन्य दातृ निकायसँग आवश्यक पहल गरिनेछ ।

१२५. सार्वजनिक जमिनहरुमा खुला व्यायामशाला निर्माण गर्न आवश्यक पहल गरिनेछ । नगर भित्र रहेका सबै खालि/बाँझो जग्गाहरुलाई उपयोग गरी कृषि उत्पादन वृद्धि गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

अन्त्यमा, आज प्रस्तुत भएको उल्लेखित नीति तथा कार्यक्रमहरुलाई अक्षरंश कार्यान्वयन गर्न, सबै जनप्रतिनिधीहरु, राष्ट्रसेवक कर्मचारीहरु, निजी क्षेत्र, स्थानीय संघ संस्थाहरुमा हार्दिक अनुरोध गर्दछु । साथै नीति तथा कार्यक्रम कार्यान्वयनको लागि संघ तथा प्रदेश सरकार र दातृ निकायहरुसंग समेत हार्दिक अपिल गर्दछु ।

धन्यवाद

वितामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, झापा

विनियोजन विधेयक २०८३

वितामोड नगरपालिका, झापाको आर्थिक बर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८३

सभामा पेश भएको मिति : २०८३/०३/१०

प्रस्तावना : वितामोड नगरपालिका, झापा २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम वितामोड नगरपालिका, झापाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "वितामोड नगरपालिका, झापाको विनियोजन ऐन, २०८३" रहेको छ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१)आर्थिक वर्ष २०८३/८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १,३४,९७,२३,१५८.०० (अक्षेरुपी एक अर्ब चौतिस करोड सन्तानब्बे लाख तेइस हजार एक सय अन्ठाउन्न रुपैंया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/८४ को निमित्त वितामोड नगरपालिका, झापाको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन। तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा कार्यपालिकाले निर्णय गरी नगर सभाबाट अनुमोदन गराउनु पर्नेछ।

पवित्रादेवी महतारा प्रसाई
नगर प्रमुख

आ.व. २०८३/८४ को आय व्ययको प्रक्षेपण

आय तर्फ

क्र.सं.	श्रोत शिर्षक	अनुमानित आय
१	संघीय समानीकरण अनुदान	२०६,२००,०००.००
२	आन्तरिक श्रोत	२१०,०००,०००.००
३	प्रदेश सरकार समानीकरण अनुदान	१९,७२५,०००.००
४	संघीय राजश्व बाडँफाडँ	१५३,२१३,०००.००
५	प्रदेश राजश्व बाडँफाँड	१६,११५,५७६.००
६	स्थानीय राजश्व(जग्गा रजिष्ट्रेशन)	१२०,०००,०००.००
७	योजनाहरुको नगद सहभागिता	३०,०००,०००.००
८	संघीय सशर्त अनुदान चालु	३१३,२००,०००.००
९	संघीय सशर्त अनुदान पुजीगत	२८,६००,०००.००
१०	संघीय बिशेष अनुदान	२५,९००,०००.००
११	संघीय समपूरक अनुदान	५,०००,०००.००
१२	प्रदेश सरकार समपूरक अनुदान	४,०००,०००.००
१३	प्रदेश सरकार सशर्त अनुदान	२४,१६०,०००.००
१४	मौज्दात वचत(आन्तरिक स्रोत)	१९२,९०९,५८२.००
१५	वेरुजु असुल भई प्राप्त हुने आय (आन्तरिक स्रोत)	७००,०००.००
	जम्मा आय	१,३४९,७२३,१५८.००

व्यय तर्फ

क्र.सं.	विवरण/कार्यक्रम	अनुमानित बजेट
क	संस्थागत सुदृढिकरण तथा सुशासन क्षेत्र	-
१	चालु तर्फको प्रशासनिक खर्च	२८१,१३०,०००.००
२	लोक कल्याणकारी सूचना सन्देश उत्पादन प्रशारण कार्यक्रम	२,०००,०००.००
३	मिडिया तथा प्रेषसंगको साझेदारीमा गरिने प्रवर्द्धनात्मक कार्यक्रमहरु	१,५००,०००.००
४	नगरका गतिविधि, सूचना, जानकारी, व्यवस्थापन तथा समन्वयात्मक सेवा	५००,०००.००
	जम्मा (क)	२८५,१३०,०००.००
ख	सामाजिक विकास समिति	-
१	शिक्षा क्षेत्र	३१,८००,०००.००
२	महिला तथा बालबालिका सम्बन्धित लक्षित कार्यक्रम	३,०००,०००.००
३	दलित लक्षित कार्यक्रम	१,०००,०००.००
४	जनजाति, आदिवासी लक्षित कार्यक्रम	२,०००,०००.००
५	करुणा फाउण्डेसनसंगको साझेदारी कार्यक्रम	३,०००,०००.००
६	अन्य लक्षित कार्यक्रम/ज्येष्ठ नागरिक समेत	४,०००,०००.००
७	स्वास्थ्य क्षेत्र	१०,०००,०००.००
८	नगर अस्पताल	२५,०००,०००.००
९	खेलकुद (नगर खेलकुद विकास)	४,०००,०००.००
७	वडास्तरीय सामाजिक विकास क्षेत्र १० लाख * १० वटा वडा	१०,०००,०००.००
	जम्मा(ख)	९३,८००,०००.००

पितम्बरदेवी महतारा प्रसाई
नगर प्रमुख

ग	आर्थिक विकास समिति	-
१	सहकारी प्रवर्द्धनात्मक कार्यक्रम	१,०००,०००.००
२	उद्यम विकास कार्यक्रम	२,०००,०००.००
३	रोजगारी सिर्जना/सिप विकास तालिम	२,०००,०००.००
४	स्थानीय पर्यटन पूर्वाधार विकास	२,५००,०००.००
५	कृषि विकास क्षेत्र	१०,६००,०००.००
६	पशु विकास क्षेत्र	१०,०००,०००.००
७	वडास्तरीय आर्थिक विकास क्षेत्र १० लाख * १० वटा वडा	१०,०००,०००.००
	जम्मा(ग)	३८,१००,०००.००
घ	वन, वातावरण, सरसफाई तथा विपद व्यवस्थापन	-
१	वन वातावरण (वृक्षारोपण)प्रवर्द्धन	१,०००,०००.००
२	विपद व्यवस्थापन	५,०००,०००.००
३	राहत/उत्थान र पुर्नस्थापन	१,५००,०००.००
४	ह्युमपाइप खरिद तथा जडान	२,०००,०००.००
५	खानेपानी पाइप लाइन विस्तार/ सरसफाई	१,०००,०००.००
६	वडा नं ९ को खानेपानी पाइप लाइन विस्तार	१,०००,०००.००
७	फोहोर व्यवस्थापन	५,०००,०००.००
	जम्मा(घ)	१६,५००,०००.००
ङ	पूर्वाधार विकास	-
१	वडा स्तरीय योजना पुर्वाधार	८०,०००,०००.००
२	विजुली पोल विस्तार/स्थानान्तरण	१,५००,०००.००
३	उज्यालो नगर कार्यक्रम टोल विकास संस्थाको सहकार्यमा सडकबत्ती	२,०००,०००.००
४	सिसि क्यामेरा जडान(मुख्य मुख्य सार्वजनिक स्थान)	१,०००,०००.००
५	क्रमागत योजनाहरु	१४६,२७३,१५८.००
६	आ.ब. ०८२/०८३ को भुक्तानी बाँकी योजना तथा कार्यक्रम	३०,०००,०००.००
७	समपूरक कोष (संघ/प्रदेश)	५०,०००,०००.००
८	मर्मत संभार कोष	२०,०००,०००.००
९	नगरपालिकाको स्वामित्व रहेको भवन तथा सार्वजानिक सम्पत्ती मर्मत तथा संभार	५,०००,०००.००
१०	प्रस्तावमा आधारित नगद सहभागितामूलक योजना (पेर्वस जडान २०%, नाला निर्माण ४०%, प्लम निर्माण २०%)	२०,०००,०००.००
११	नदीजन्य सामाग्री खरिद/हेभी इक्वीपमेन्ट इन्धन/मर्मत	८,०००,०००.००
१२	नगरस्तरीय योजना	९५,५६०,०००.००
१३	स्रोत सुनिश्चित गरिएका बहुबर्षीय योजनाहरु	२५,५००,०००.००
१४	स्थानीय पर्यटन पूर्वाधार विकास	५००,०००.००
१५	योजनाको नगद सहभागिता	३०,०००,०००.००
	जम्मा (घ)	५१५,३३३,१५८.००
	जम्मा (क+ख+ग+घ)	९४८,८६३,१५८.००
	संघ तथा प्रदेश वित्तीय हस्तान्तरण बजेट खर्च	
१	संघीय सशर्त अनुदान चालु	३१३,२००,०००.००
२	संघीय सशर्त अनुदान पुजीगत	२८,६००,०००.००
३	संघीय बिशेष अनुदान	२५,९००,०००.००
४	संघीय समपूरक अनुदान	५,०००,०००.००
५	प्रदेश सरकार समपूरक अनुदान	४,०००,०००.००
६	प्रदेश सरकार सशर्त अनुदान	२४,१६०,०००.००
	जम्मा	४००,८६०,०००.००
	कुल बजेट खर्च रकम रु	१,३४९,७२३,१५८.००

प्रमुख प्रशासकीय अधिकृत
नगर प्रमुख

आ.ब ०८३/८४ को लागि चालु तथा पुजीगत खर्चको विवरण

सि.नं.	खर्च शीर्षक	खर्च शीर्षक नं.	प्रस्तावित बजेट
	क) चालु खर्च		
१	पारिश्रमिक कर्मचारी	२१११९	५७,५००,०००.००
२	पोशाक	२११२१	२,२५०,०००.००
३	खाद्यान्न	२११२२	१०,०००,०००.००
४	महंगी भत्ता	२११३२	८,०००,०००.००
५	कर्मचारी बैठक भत्ता	२११३४	२,०००,०००.००
६	कर्मचारी प्रोत्साहन तथा पुरस्कार	२११३५	४,०००,०००.००
७	अन्य भत्ता	२११३९	५००,०००.००
८	पदाधिकारी बैठक भत्ता	२११४१	२,५००,०००.००
९	पदाधिकारी अन्य सुबिधा	२११४२	१०,०००,०००.००
१०	पदाधिकारी अन्य भत्ता	२११४९	५६०,०००.००
११	कर्मचारी कल्याण कोष	२१२१४	१०,०००,०००.००
१२	पानी तथा बिजुली	२२१११	२,०००,०००.००
१३	संचार महसुल	२२११२	१,०००,०००.००
१४	इन्धन (पदाधिकारी)	२२२११	२,०००,०००.००
१५	इन्धन (कार्यालय प्रयोजन)	२२२१२	७,५००,०००.००
१६	सवारी साधन मर्मत खर्च	२२२१३	४,०००,०००.००
१७	बिमा तथा नवीकरण खर्च	२२२१४	२,०००,०००.००
१८	मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च	२२२२१	१,२००,०००.००
१९	निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च	२२२३१	१,०००,०००.००
२०	मसलन्द तथा कार्यालय सामाग्री	२२३११	४,०००,०००.००
२१	इन्धन - अन्य प्रयोजन	२२३१४	१००,०००.००
२२	पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च	२२३१५	२,५००,०००.००
२३	अन्य कार्यालय संचालन खर्च	२२३१९	१,०००,०००.००
२४	सेवा र परामर्श खर्च	२२४११	२,२००,०००.००
२५	AI तथा Cyber Crime सम्बन्धी बिद्यालय स्तरीय सचेतना कार्यक्रम	२२४११	५००,०००.००
२६	चाहना समूह बिर्तामोड ५ सँगको सहकार्यमा लागु औषध दुर्व्यसनबिरुद्धको सचेतना कार्यक्रम	२२४११	२००,०००.००
२७	मेकानिकल इन्जिनियर सेवा खरिद	२२४११	३००,०००.००
२८	विद्यालय तथा सरकारी कार्यालयहरुमा मनोपरामर्श तालिम	२२४११	४००,०००.००

नगर प्रमुख

२९	नगरपालिकाको डिजिटल प्रोफाइल अद्यावधिक तथा House Numbering	२२४११	१,०००,०००.००
३०	बिषयगत क्षेत्रको गुरुयोजना तयारी	२२४११	५००,०००.००
३१	रिटर्नीहरुको सञ्जाल निर्माण तथा सीप उपयोग कार्यक्रम	२२४११	५००,०००.००
३२	नगरपालिकाको क्षमता विकास योजना	२२४११	४५०,०००.००
३३	सामाजिक परीक्षण	२२४११	४५०,०००.००
३४	GESI Aduit तथा GRB Budget तर्जुमा सम्बन्धी कार्यक्रम	२२४११	५००,०००.००
३५	सार्वजनिक सुनवाई तथा नागरिक सन्तुष्टि मापन	२२४११	४००,०००.००
३६	बुधबारे हटियामा पार्क निर्माणका लागि DPR निर्माण	२२४११	३२०,०००.००
३७	नगरपालिका तथा वडा कार्यालयहरुमा सूचना तथा प्रविधि व्यवस्थापन	२२४१२	१,५००,०००.००
३८	स्मार्ट रोड डिजाइन सफ्टवेयर खरिद	२२४१२	२५०,०००.००
३९	नगरपालिकाको कार्यालय, नगर अस्पताल डिजिटल बोर्ड	२२४१२	५००,०००.००
४०	टोटल स्टेशन लगायत प्राविधिक सामाग्री खरिद	२२४१२	१,०००,०००.००
४१	सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च	२२४१२	८००,०००.००
४२	बिर्तामोडको ५ वर्षे विकास स्मारिका तयारी तथा प्रकाशन	२२४१२	४००,०००.००
४३	जिल्ला ट्राफिक प्रहरी कार्यालयसँगको सहकार्यमा ट्राफिक सचेतना तथा दुर्घटना न्यूनीकरण कार्यक्रम	२२४१२	२०००००
४४	करार सेवा शुल्क	२२४१३	८०,०००,०००.००
४५	अन्य सेवा शुल्क	२२४१९	१००,०००.००
४६	कर्मचारी तालिम तथा अध्ययन अवलोकन खर्च	२२५११	७००,०००.००
४७	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	२२५१२	७००,०००.००
४८	विविध कार्यक्रम खर्च(न्यायिक समितिको कार्यक्रम समेत)	२२५२९	१,०००,०००.००
४९	अनुगमन, मूल्यांकन खर्च	२२६११	१,०००,०००.००
५०	भ्रमण खर्च	२२६१२	३,०००,०००.००
५१	अन्य भ्रमण खर्च	२२६१९	१००,०००.००
५२	विविध खर्च	२२७११	५,०००,०००.००
५३	सभा सञ्चालन खर्च	२२७२१	५००,०००.००

नगरपालिकाको कार्यालय बिर्तामोड नगरपालिका झापा नेपाल

नगर कार्यपालिकाको बैठक मिति २०७९/१२/२९ को निर्णय अनुसार

नगर प्रमुख

५४	धार्मिक तथा सांस्कृतिक संस्था सहायता	२५३१४	१,०००,०००.००
५५	अन्य सस्था सहायता	२५३१५	१,०००,०००.००
५६	मानव सेवा आश्रम मेचीनगरलाई अनुदान	२५३१५	२५०,०००.००
५७	माया घर नेपाल इटहरीलाई अनुदान	२५३१५	१००,०००.००
५८	घरभाडा	२८१४२	२,०००,०००.००
५९	१० वटा वडाहरुलाई चालु तथा प्रशासनिक खर्च		८,०००,०००.००
६०	गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम	२२५२२	२,०००,०००.००
६१	उद्दार, राहत तथा पुनर्स्थापना खर्च	२७२१२	१,५००,०००.००
६२	विपद् व्यवस्थापन कोष	२७२१२	५,०००,०००.००
६३	लोक कल्याणकारी विज्ञापन तथा सन्देश बापत एकमुष्ठ वार्षिक अनुदान	२२५२२	२,०००,०००.००
६४	बिभिन्न संघ संस्था तथा मिडियाहरुसँग सहकार्यमा गरिने कार्यक्रमहरु	२२५२२	१,५००,०००.००
६५	नगरका गतिविधि सूचना जानकारी व्यवस्थापन तथा समन्वयात्मक सेवा	२२५२२	५००,०००.००
६६	रोजगार प्रवर्द्धन मेला तथा उद्यम विकास कार्यक्रम	२२५२२	२,०००,०००.००
६७	अन्य लक्षित कार्यक्रम (संघ संस्था, गै.स.स संग प्रस्ताव माग गरि संचालन गरिने कार्यक्रम)	२२५२२	४,०००,०००.००
६८	महिला, बालबालिका, दलित, आदिवासी जनजाति, ज्येष्ठ नागरिक, अपाङ्गता लक्षित कार्यक्रम तथा बालबालिका लक्षित कार्यक्रम	२२५२२	९,०००,०००.००
६९	गत वर्षको भुक्तानी बाँकी		२०,०००,०००.००
७०	शिक्षा विकास कार्यक्रम		३१,८००,०००.००
७१	स्वास्थ्य विकास कार्यक्रम		१०,०००,०००.००
७२	नगर अस्पताल		२५,०००,०००.००
७३	नगर खेलकुद विकास कार्यक्रम		४,०००,०००.००
७४	सहकारी प्रवर्द्धन कार्यक्रम		१,०००,०००.००
७५	कृषि विकास कार्यक्रम		१०,६००,०००.००
७६	पशु विकास क्षेत्र		१०,०००,०००.००
७७	अन्य फिर्ता		१,०००,०००.००
७८	सवारी साधन तथा मेशिनर औजार भाडा	२८१४३	२,०००,०००.००
क (जम्मा)			३९५,५३०,०००.००

पवित्रादेवी अधिकारी
नगर प्रमुख

	ख) पुँजीगत खर्च		
७९	सवारी साधन दुई पाङ्ग्रे	३१११२१	१,०००,०००.००
८०	मेशिनरी तथा औजार	३१११२२	२,०००,०००.००
८१	फर्निचर तथा फिक्चर्स	३१११२३	३,०००,०००.००
८२	उज्यालो नगर कार्यक्रम टोल विकास संस्थाको सहकार्यमा सडक बत्ती	३१११४१	२,०००,०००.००
८३	बिजुली पोल बिस्तार तथा स्थानान्तरण	३१११४१	१,५००,०००.००
८४	मुख्य मुख्य सार्वजनिक स्थानमा सि.सि क्यामेरा जडान	३१११२२	१,०००,०००.००
८५	खानेपानी संस्थाहरुको सहकार्यमा खानेपानी पाईपलाईन विस्तार	३१११५६	१,०००,०००.००
८६	वडा नं ९ मा खानेपानी पाईपलाईन विस्तार	३१११५६	१,०००,०००.००
८७	फोहोरमैला व्यवस्थापन (तटबन्धन समेत)	३१११५९	५,०००,०००.००
८८	ह्युम पाईप खरिद तथा जडान	३१११५९	२,०००,०००.००
८९	सडक डिभाईडरमा वृक्षारोपण तथा व्युटिफिकेसन	३१११५१	१,०००,०००.००
९०	साना तिना पूर्वाधार विकास (उपभोक्ता समितिको साझेदारीमा पेवर्स नाला तथा प्लम्प निर्माण)	३१११५१	२०,०००,०००.००
९१	स्थानीय पर्यटन पूर्वाधार विकास	३१११५१	५००,०००.००
९२	नगरपालिकाको स्वामित्वमा रहेको कार्यालय भवनहरुको निर्माण तथा मर्मत र सार्वजनिक सम्पत्ति मर्मत संरक्षण	३१११५१	५,०००,०००.००
९३	नदिजन्य सामाग्री खरिद/संकलन हेभी इक्युपमेन्टको मर्मत तथा ईन्धन		८,०००,०००.००
९४	नगरस्तरीय योजना		९५,५६०,०००.००
९५	क्रमागत योजनाहरु		१४८,२७३,१५८.००
९६	गत वर्षको भुक्तानी बाँकी पुँजीगत तर्फ		३०,०००,०००.००
९७	स्रोत सुनिश्चित गरिएका बहुबर्षीय योजनाहरु		२५,५००,०००.००
९८	मर्मत संभार कोष	३१११५९	२०,०००,०००.००
९९	समपूरक कोष	३१११५१	५०,०००,०००.००
१००	वडास्तरीय बजेट तथा कार्यक्रम		१००,०००,०००.००
१०१	योजनाहरुमा उपभोक्ताको नगद सहभागिता		३०,०००,०००.००
	ख (जम्मा)		५५३,३३३,१५८.००

पतिआदेशी अनुसार प्रसाई
नगर प्रमुख

ग)	वित्तीय हस्तान्तरण खर्च		
१०१	संघीय सशर्त अनुदान चालु		३१३,२००,०००.००
१०२	संघीय सशर्त अनुदान पुजीगत		२८,६००,०००.००
१०३	संघीय बिशेष अनुदान		२५,९००,०००.००
१०४	संघीय समपूरक अनुदान		५,०००,०००.००
१०५	प्रदेश सरकार समपूरक अनुदान		४,०००,०००.००
१०६	प्रदेश सरकार सशर्त अनुदान		२४,१६०,०००.००
	ग (जम्मा)		४००,८६०,०००.००
	कुल जम्मा क+ख+ग		१,३४९,७२३,१५८.००

प्रतिनिधी विकास प्रसाई
नगर प्रमुख

आजको दोस्रो नगर सभाको नवौ अधिवेशनको दोस्रो बैठक कार्यसूची अनुसारका देहायका क्रियाकलापहरु गरी सम्पन्न गरियो ।

<u>देहाय</u>

क) नगर सभाका सभाध्यक्षबाट दोस्रो नगर सभाको नवौ अधिवेशनको दोस्रो बैठकको प्रारम्भभएको घोषणा गर्नुभयो।

ख) मिति २०८३।०३।१० गतेको बैठकमा प्रस्तुत भएको नीति तथा कार्यक्रम बजेट, आर्थिक विधेयक २०८३, विनियोजन विधेयक २०८३, माथि छलफलका लागि नाम टिपोट गरी सदस्यहरुले आफ्ना विचार राखु भयो ।

ग) उल्लेखित प्रस्तावहरु माथि छलफल भयो ।

घ) सभाध्यक्षज्यूले बैठकमा पेश भएका प्रस्तावहरु निर्णयार्थ प्रस्तुत गर्नुभयो ।

- आ.ब. ०८३/८४ को नीति, बजेट तथा कार्यक्रम सम्बन्धी प्रस्ताव,
- आर्थिक विधेयक २०८३,
- विनियोजन विधेयक २०८३,
- बिर्तामोड नगरपालिकाको नगरसभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि २०८३,
- बिर्तामोड नगरपालिकाको बेरुजु फछ्यौट कार्यविधि २०८३,
- बिर्तामोड नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०८३
- न्यायिक समितिको आ.ब. ०८२/०८३ को प्रतिवेदन,
- अर्थ तथा सार्वजनिक लेखा समितिको आ.ब. ०८२/०८३ को प्रतिवेदन,
- सुशासन तथा क्षमता विकास समितिको आ.ब. ०८२/०८३ को प्रतिवेदन,
- पूर्वाधार विकास समितिको आ.ब. ०८२/०८३ को प्रतिवेदन,
- सामाजिक विकास समितिको आ.ब. ०८२/०८३ को प्रतिवेदन,
- आर्थिक विकास समितिको आ.ब. ०८२/०८३ को प्रतिवेदन,

पदिमादेवी अधिकारी पौडेल
नगर प्रमुख

- वातावरण तथा विपद् व्यवस्थापन समितिको आ.ब. ०८२/०८३ को प्रतिवेदन
- विधेयक समितिको आ.ब. ०८२/०८३ को प्रतिवेदन

निर्णय नं. १. वितामोड नगरपालिकाको आ. व. ०८३/०८४ का लागि दोस्रो नगर सभाको नवौ अधिवेशनको पहिलो बैठकमा नगर प्रमुख श्री पवित्रा महतारा प्रसाईज्यूबाट प्रस्तुत गरिएको नगरको नीति तथा कार्यक्रमलाई नगरको पहिलो ५ वर्षे नगर आवधिक योजनाका साथ तादम्यता कायम गरी दीर्घकालिन दृष्टिकोणका साथ नीतिहरु अवलम्बन गर्ने गरी सर्वसम्मत पारित गरियो ।

निर्णय नं. २. वितामोड नगरपालिकाको लागि वजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक तथा वितामोड नगरपालिकाका नगर उपप्रमुख श्री नगेन्द्र प्रसाद स्रग्रौलाज्यूबाट नगरसभामा प्रस्तुत वजेट, योजना तथा कार्यक्रम, आर्थिक विधेयक २०८३ र विनियोजन विधेयक २०८३ लाई सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३. विधायन समितिका संयोजकबाट नगरसभामा प्रस्तुत देहायका विधयेकहरु सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

१. बिर्तामोड नगरपालिकाको नगरसभा सचिवालय स्थापना तथा कार्य सञ्चालन कार्यविधि २०८३,
२. बिर्तामोड नगरपालिकाको बेरुजु फछ्यौट कार्यविधि २०८३,
३. बिर्तामोड नगरपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक २०८३

निर्णय नं. ४. न्यायिक समितिको आ.व. २०८२/०८३ को प्रतिवेदन, अर्थ तथा सार्वजनिक लेखासमितिको आ.व. २०८२।०८३ को प्रतिवेदन, सुशासन तथा क्षमता विकास समितिको आ.व. २०८२।०८३ को प्रतिवेदन, पूर्वाधार विकास समितिको आ.व. २०८२।०८३ को प्रतिवेदन, सामाजिक विकास समितिको आ.व. २०८२/०८३ को प्रतिवेदन, आर्थिक विकास समितिको आ.व.

२०८२।०८३ को प्रतिवेदन, वातावरण तथा विपद् व्यवस्थापन समितिको आ.व. २०८२।०८३ को प्रतिवेदन, विधायन समितिको आं.ब. २०८२/०८३ को प्रतिवेदन र विधेयक समितिको आ.व. २०८२।०८३ को प्रतिवेदन सर्वसम्मत पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ५. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाहरुको सहकार्य र साझेदारीमा विर्तामोड नगरपालिका क्षेत्रमा सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु संचालन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ६. आ. व. ०८२/०८३ का लागि नगर सभाबाट स्वीकृत भएका नगरस्तरीय तथा वडास्तरीय योजनाहरुलाई विभिन्न मितिमा भएको कार्यपालिकाको निर्णय भई संशोधन तथा रकमान्तर गरिएका **अनुसूचीमा** उल्लेखित योजनाहरु तथा बजेटलाई अनुमोदन गरियो । साथै नगरसभाबाट स्वीकृत भएको बजेटको अधिनमा रही नगर प्रमुख तथा कार्यालयबाट निर्णय भएका **अनुसूचीमा** उल्लेखित कार्यक्रम तथा योजनाहरु अनुमोदन गरियो ।

निर्णय नं. ७. वडा/नगरस्तरबाट संचालन हुन नसक्ने नगर गौरव तथा रुपानन्तकारी योजनाहरु नगरको योजना बैंकमा समावेश गरी प्राथमिकताका आधारमा प्रदेश तथा केन्द्र सरकारमा आयोजनाका सञ्चालनका लागि आवश्यक बजेट माग गरी पठाउने निर्णय गरियो ।

